# चौथो आवधिक योजना २०२७/०२८ - २०३१/०३२ मा हुलाक

## परिच्छेद १०

## यातायात तथा सञ्चार

### नीतिः

सञ्चार क्षेत्रमा हुलाक सेवा तथा दुरसञ्चार सेवा दुवैको विकासमा ध्यान दिइनेछ। देशको अत्याधिक जनताले उपभोग गर्न सक्ने सञ्चार साधन हुलाक नै हो। बढ्दो शिक्षा तथा यातायात सुविधाले गर्दा सेवाको माग उर्लंदो छ। सेवा गराईमा क्रमोन्नति ल्याउँदै यथासक्य बढी हुलाकहरु खोली सेवा सर्वत्र सुलभ पार्ने प्रयास गरिएको छ।

## परिच्छेद १३

## हुलाक

### देश विकासको पृष्ठभूमिमा हुलाकको स्थानः

राष्ट्रिय योजनाहरूको कार्यान्वयनद्वारा प्रगति पथमा लम्किरहेको आजको नेपालमा पहिलेको अपेक्षा साक्षर तथा शिक्षितको सङ्ख्यामा ठूलो वृद्धि भएको छ। यस्तै देशभित्र र बाहिर भ्रमण तथा जीविकोपार्जन निमित्त अल्पकालीन बसाँइमा जानेहरूको सङ्ख्या र अन्तर्देशीय तथा देशाभ्यान्तरीय बन्दव्यापारमा भएको वृद्धिका साथै अन्य कतिपय कारणले गर्दा हुलाकको आवश्यकता एवं महत्व प्रशस्त बढ्न गएको छ। यातायातमा स्थलमार्गको जस्तै सञ्चार साधनहरूमा आजको नेपाललाई हुलाक सेवाको विकास र सम्वर्द्धनको ज्यादै आवश्यकता छ। सर्वसाधारण जनता पर्यन्त सबैले सजिलैसँग व्यहोर्न सकिने सस्तो शुल्कमा प्राप्त हुँदै आएको यसको सेवाले समाजमा एक अपरिहार्य स्थान जमाई सकेको छ।

अविकसित यातायात प्रणाली र कठिन धरातल भएको हाम्रो देशमा सरकारी, संस्थागत, पारिवारिक वा वैयक्तिक सम्पर्कको सर्वाधिक सुलभ र व्यापक साधन अझै हुलाक सेवा नै छ। यतिमात्र होइन, देशको अत्याधिक भागहरूको लागि उपर्युक्त कुनै पनि प्रकारको सम्पर्क राख्ने एक मात्र उपलब्ध साधन हुलाक नै छ। यो स्थिति आउँदा केही दशकसम्म पनि कायमै रहने कुरा निर्विवाद छ। साथै हुलाक सेवा कुनै पनि क्षेत्रको अरु विकासको कार्यक्रमहरूको लागि पनि एक आवश्यक पूर्वाधार हुन आउने हुँदा पूर्व योजनाहरूमा जस्तै यस योजनामा पनि हुलाक सेवालाई विस्तार गर्ने कार्यक्रम तीब्र गतिले लैजानु परेको छ।

### ऐतिहासिक सिंहावलोकनः

साँच्चै भन्ने हो भने नेपाल निर्माता श्री ५ बडामहाराज पृथ्वी नारायण शाहद्वारा भएको एकीकरणको सिलसिलामा अत्यावश्यक हुने खबरहरूको आदान प्रदानको निमित्त विरचित

व्यवस्थाबाट नै यसको वीजांकुर भई नियमित सेवाको रूपमा हुलाकको विकास हुँदै आएको देखिन्छ। संकीर्ण, टुक्रा टुक्रामा विभाजित भई रहेको रजवाडहरूमा आन्तरिक सञ्चारको ठूलो समस्या हुँदैनथ्यो। तर एकीकरण भई विशाल रूप धारण गरेपछि प्रशासन र राष्ट्रिय सुरक्षाको लागि पनि मुलुकको एक ठाउँबाट अर्को ठाउँसम्म चिठीपत्र, समाचार आदिको आदान प्रदानको निमित्त कुनै नियमित व्यवस्था हुनु जरूरी भयो। यस प्रकार राष्ट्रिय सुरक्षा र प्रशासनको आवश्यकताबाट सर्वप्रथम खडा गरिएको भए तापनि क्रमशः लोक सेवाको रूपमा पनि विकास हुँदै गई एक विपुल राष्ट्रिय प्रणालीको रूप लिई हुलाक सेवा आज एक अत्यावश्यक लोकोपयोगी सेवा हुन गएको छ।

वर्तमान हुलाक अड्डाको प्रारम्भ बारे ठोस ऐतिहासिक विवेचना गर्दा वि.सं. १९३५ सालमा भएको पाइन्छ। वि.सं. १९३८ सालमा हुलाक गोश्वारा अड्डाको स्थापना भई १, २ र ४ आनाका टिकटहरू सर्वप्रथम प्रकाशित भए र त्यसको ६ वर्षपछि १९४४ सालमा हुलाकपत्र समेत प्रचलनमा ल्याइए। १९७० सालमा जुम्ला जिल्लावाहेक अन्य ठाउँहरूमा तलव दिई डाँक बोकाउने काम सुरु भयो। १९५७ सालमा बैरंग सेवा र १९९० सालमा धनादेश सेवा प्रायोगिक रूपमा चलाइयो। तर यी दुबै सेवाहरू धेरै दिनसम्म चल्न सकेनन्। यस बेलासम्म विभिन्न दरका टिकटहरू प्रचलनमा आईसकेका थिए तापनि धेरै समयसम्म ती टिकटहरूको बाहिरी जगतमा मान्यता थिएन। अत्यन्त सीमित रूपमा भए पनि भारतसँग अपञ्जिकृत डाँकको आदान प्रदान गर्ने र त्यस छिमेकी देशमा नेपाली टिकटलाई मान्यता दिलाउने उद्देश्यले वि.सं. १९९३ मा नेपाल-भारत द्विदेशीय हुलाक सम्झौता भयो। साथै दुई देशका सिमाना क्षेत्रहरूमा ८ विनिमय हुलाकहरू खोलिए। नेपालको अन्तराष्ट्रिय हुलाक विकासको दिशामा निःसन्देह यो महत्वपूर्ण पाइला थियो। १९९२ सालमा सब इन्स्पेक्टर कार्यालयहरू र १९९७ सालमा ७ हुलाक क्षेत्र (पोष्टल सर्कल) कार्यालयहरू गठन गरेर हुलाक प्रशासनलाई आधुनिक स्वरूप प्रदान गर्नेतर्फ महत्वपूर्ण कार्य गरियो।

२००७ सालको क्रान्तिपछि हुलाकको विस्तार बढ्दै गयो। २०१३ सालमा नेपाल हुलाक प्रशासनले विश्व हुलाक संघको सदस्यता प्राप्त गऱ्यो र यसको प्रायः दुई वर्षपछि दक्षिणी सीमान्त प्रदेशमा साविकमा थप ८ विनिमय हुलाक खोलिनुका अतिरिक्त भारतसँग सम्पन्न भइरहेको दुई देशीय सम्झौतालाई युगानुकूल बनाउन त्यसमा परिवर्तन गरिनुका साथै पूरक सम्झौताहरू गरिए। २०१६ साल वैशाख १ गतेदेखि विश्व हुलाक संघको सदस्यताको हैसियतबाट नेपालको अन्तर्राष्ट्रिय हुलाक सेवा व्यापक रूपमा चल्यो। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय हुलाक टिकट संकलन (फिलाटेलिक) बजारमा नेपाली टिकटको बिक्री बढाउने उद्देश्यले २०१७ सालमा हुलाक टिकट संकलन कार्यालय (फिलाटेलिक व्यूरो) को स्थापना भयो। यसभन्दा पहिले २०१५ सालमा आन्तरिक हवाई डाँक सेवा र २०१६ सालमा अन्तर्राष्ट्रिय हवाई डाँक सेवा चलाएर हवाई डाँकको युगमा नेपालले प्रवेश गरेको पनि उल्लेखनीय छ। हुलाक प्रशासनमा बढी दक्षता एवं वैज्ञानिकता ल्याउने उद्देश्यले

साविकका पोस्टल सर्कलको सट्टा २०१७ सालमा ७ अञ्चल हुलाक नियन्त्रण कार्यालयहरू गठन गरिए।

२०१७ सालदेखि हुलाक क्षेत्रमा विकासको गति अझ तीव्र हुँदै गएको छ। त्रिवर्षीय योजनाअन्तर्गत २०१९ साल मार्गमा हुलाक प्रशिक्षण केन्द्रको स्थापना गरियो। त्यही महिना आन्तरिक डाँकमा शीघ्रता ल्याउने एक उपायको रूपमा तेस्रो व्यक्ति (थर्ड पार्टी) प्रणालीद्वारा अर्थात नेपालको एक भागबाट अर्को भागमा जाने केही डाँकहरू भारतीय लौह (रेल) मार्गद्वारा पठाइने व्यवस्था सुरु गरियो। २०१९ साल पौष १ गते आन्तरिक बिमा सेवा चालू भयो। अन्तराष्ट्रिय नियम तथा आधुनिक युग सुहाउँदो हुलाक ऐन २०१९ चैत्र ३० गते पारित भयो।

२०२० साल वैशाख १ गतेदेखि अधिराज्यभर पुनः बैरंग सेवा चालू गरियो। नेपाल र भारतका सम्झौताअनुसार २०२२ सालमा वैशाख गतेदेखि अन्तराष्ट्रिय बिमा तथा पुलिन्दा (पार्सल) सेवा चालू भयो र त्यसको परिणामस्वरूप १५० वर्षदेखि चलिरहेको भारतीय दुतावास हुलाक बन्द हुन गयो र यता काठमाडौं वैदेशिक हुलाकको स्थापना भयो। देश, विदेशबाट सतह तथा हवाई मार्गबाट ओइरिने डाँकको समयभित्रै छटनी गरी यथास्थानमा पुनः चलान गर्ने एउटा केन्द्रीय कार्यालयको आवश्यकता परेको हुँदा २०२२ साल आश्विन १ गते डाँक केन्द्रको स्थापना भयो। हुलाक अपराधको रोकथाम गर्ने निवारक कार्यहरू गर्न र परेको अपराधहरूमा कारवाही गरी मुद्दाहरू फर्छ्याउन २०२३ सालमा हुलाक निरीक्षण कार्यालयको स्थापना गरियो र जिन्सी सम्पूर्तिको लागि २०२३ सालमा हुलाक जिन्सी खानाको स्थापना भयो। सानो तिनो रकमको भुक्तानी सजिलैसँग दिने, लिने सुविधाहरू सर्वसाधारणलाई उपलब्ध गराउने उद्देश्यले २०२३ साल वैशाख १ गतेदेखि हुलाक आदेश सेवाको प्रारम्भ भयो। वितरण (डेलिभरी) हुन नसकेका चिठ्ठी पत्रहरूलाई विशेष किसिमबाट जाँची ठेगानावाला पत्ता लगाई पुनः वितरण (डेलिभरी) गराउने र फर्छ्याउने उद्देश्यले २०२५ सालमा फिर्ता चिठ्ठी केन्द्रको स्थापना भयो।

विक्रम सम्वत् १९३८ सालमा अधिराज्यभरमा ४३ हुलाक कार्यालयहरू थिए। ७/८ दशक पूरा भएपछि प्रथम योजना सुरु हुने समय सम्ममा सो को सङ्ख्या १२४ पुगेको थियो। प्रथम योजनाकालमा अरु २९३ हुलाक कार्यालयहरू थप भए। प्रथम र द्वितीय योजनाहरूको अन्तरिम अवधिमा ४ कार्यालयहरू थपिए। द्वितीय योजनाअन्तर्गत पुनः ३० कार्यालयहरू खोलिए र तेस्रो योजनाकालमा देशका हुलाक सेवाको कार्यशालामा २५५ कार्यालयहरू बढे।

## हालसम्मको स्थितिः

चतुर्थ योजना सुरु हुनुभन्दा अगाडि अर्थात् तेश्रो योजनाको अन्तसम्ममा हुलाकको सङ्ख्यात्मक स्थिति निम्न प्रकारको छः

| | |
|---|---|
| १. गोश्वारा हुलाक | १ |
| २. मुख्य हुलाक | १४ |
| ३. छोटी हुलाक (छोटी) हुलाका स्तरका विनिमय नगर हुलाक समेत जोड्दा | ९० |
| ४. शाखा हुलाक | १९८ |
| ५. अतिरिक्त हुलाक | १५३ |
| ६. सहकारी हुलाक | २४४ |
| ७. अन्य कार्यालयहरु | २६ |
| | ७२६ |

उपर्युक्त मध्ये २० प्रशासकीय कार्यालय कटाई क्षेत्र क्षेत्रमा हुलाक सेवा दिने जम्मा ७०६ क्षेत्रीय कार्यालयहरू छन्। चतुर्थ योजना सुरु हुनुभन्दा अगाडि ५४,३६२ वर्गमिल भित्र नेपालको कुल जनसङ्ख्या १,१०,४४,००० पुग्ने अनुमान गर्न सकिन्छ। यसअनुसार सरदर प्रत्येक हुलाकले १५,६४३ जनसङ्ख्या र ७७ वर्गमिल भूमिको सेवा गरेको देखिन्छ।

## चतुर्थ योजना सम्बन्धी उद्देश्य तथा नीतिः

चतुर्थ योजनाको तर्जुमा र कार्यान्वयन सम्बन्धमा निम्नलिखित उद्देश्य तथा नीतिहरू अपनाइएका छन्:

१. बीस वर्षीय दीर्घकालीन योजनामा निहित लक्ष्य अनुरूप उक्त दीर्घकालीन योजनाको प्रथम चरणको रूपमा यस योजनालाई लिने।
२. हुलाक सेवाको विस्तारको सन्दर्भमा अतिरिक्त हुलाक खोल्नेतर्फ प्राथमिकता दिने।
३. हुलाक सेवालाई आर्थिक आत्मनिर्भरता दिलाउन यथाशक्य प्रयास गर्ने।हुलाक घरहरूको निर्माणमा विशेष जोड दिने, र
४. हुलाक सेवालाई दक्ष र सुदृढ बनाउने उद्देश्यले सामान्य प्रशासन सेवा भित्रै राखिए तापनि त्यसै भित्र एक छुट्टै सेवा वा समूहको रूपमा यथाशक्य विकास गराउने।

चतुर्थ योजनामा एक पूर्ण सरकारी हुलाकको बराबर १० अतिरिक्त हुलाकको अनुपातमा हुलाकको विस्तार गर्दै लैजाने नीति अपनाइने छ। यसप्रकार चतुर्थ योजनाकालमा छोटी हुलाक ५, शाखा हुलाक ५० र यी दुबै वर्गका पूर्ण सरकारी हुलाक भन्दा १० गुणा बढी अर्थात् ५५० अतिरिक्त हुलाक खोल्ने लक्ष्य राखिएको छ। त्यस्तै सरदर वार्षिक ५ वटा गरी जम्मा २५ डाँक रेखाहरूको विस्तार गरिनेछ। सारांशमा यस योजनामा समावेश हुने आयोजनाहरूको प्रकार र सङ्ख्या निम्नअनुसार हुनेछन्:

| आयोजनाहरु | वर्तमान स्थिति | चतुर्थ योजनाको लक्ष्य | जम्मा |
|---|---|---|---|
| १. छोटी हुलाक | ९० | ५ | ९५ |
| २. शाखा हुलाक | १९८ | ५० | २४८ |
| ३. अतिरिक्त हुलाक | १५३ | ५५० | ७०३ |
| ४. डाँक रेखा | ३७ | २५ | ६२ |
| ५. डाँक परिवहन | - | - | - |
| ६. जिन्सी सम्पुर्ति | - | - | - |
| ७. जिन्सी खानाको क्षेत्रीय शाखा | - | १ | १ |
| ८. जिन्सी कार्यशाला | - | १ | १ |
| ९. भवन निर्माण | ३५ | ३० | ६५ |
| १०. हुलाक टिकट संकलन विकास (फि. ब्यूरो) क्षेत्रीय शाखा समेत | - | २ | २ |
| ११. प्रशिक्षण व्यवस्थाको विकास | - | - | - |
| १२. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना | - | २ | २ |
| १३. हुलाक संग्रहालयको स्थापना | - | १ | १ |
| १४. सेवा विस्तार र सुधार | - | - | - |
| १५. अन्तर्राष्ट्रिय सेवाहरु | - | - | - |
| १६. घुम्ती निरीक्षक | - | ५ | ५ |
| १७. चालु योजनाको सम्भार | - | - | - |

## १. छोटी हुलाकः

पूर्ण सरकारी र अतिरिक्त हुलाकको बीचमा झैं छोटी शाखा र हुलाकको बीचमा पनि एकको बराबर १० अनुपात राखिएको छ। योजना अवधिमा कुनै कुनै अत्यन्त महत्वपूर्ण स्थानमा छोटी हुलाक नै नखोली नहुने स्थिति परिआउँछ र कुनै कुनै शाखा हुलाकको बोझ अति बढ्न गई स्तर वृद्धि गर्नु अति आवश्यक हुन आउँछ। यी सब कुरालाई ध्यानमा राखी विचार गर्दा करिब २० जति नै छोटी हुलाक चाहिने हो तापनि हुलाकको विस्तार यथाशक्य किफायत ढंगले गर्ने उद्देश्यले सरदर वर्षमा १ छोटी हुलाक मात्र खोल्ने गरी ५ छोटी हुलाक खोल्ने लक्ष्य राखिएको छ।

## २. शाखा हुलाकः

यस्ता हुलाक विगत योजनामा लगभग १०० वटा खोलिएका थिए तापनि यो भन्दा ज्यादै किफायती हुलाक खोल्ने तर्फ नै जोड दिने पूर्व उल्लिखित नीतिअनुरूप चतुर्थ योजनाकालभरमा केवल ५० शाखा हुलाकको स्थापना गरिनेछ।

## ३. अतिरिक्त हुलाकः

माथि उल्लेख भैसकेका कारणहरूले गर्दा योजनाकालमा जम्मा ५५० अतिरिक्त हुलाकहरू खोलिने छन्। हुलाकको सङ्ख्या जनसङ्ख्यालाई पुग्दो मात्रामा कायम गर्न ३,००० देखि ५,००० सम्मको जनसङ्ख्याको लागि एउटा हुलाकको सेवा उपलब्ध हुनु पर्ने मानिन्छ। त्यो दृष्टिकोणबाट हेर्दा र हाम्रो पहाडी क्षेत्रमा १० घर यता र १० घर उता गरी ज्यादै छरिएर रहेको आवादीको दृष्टिले गर्दा पनि हुलाकको सङ्ख्यामा यथेष्ट वृद्धि गर्नु परेको छ। यसकारणले चौथो योजनाकालमा सानो खालको अर्ध सरकारी वर्गको ५५० हुलाकको स्थापना गरी सो खाँचोको आंशिक पूर्ति गर्नेतर्फ सक्रिय कार्यक्रम राखिएको छ।

माथि उल्लेख गरिएका हुलाक विस्तारसम्बन्धी ३ आयोजनाहरू पूरा भएपछि हुलाकको सङ्ख्या १,३११ पुग्न जान्छ। योजना अवधि भित्र नै ५४,३६२ वर्गमिल भित्र कुल जनसंख्या १ करोड बीस लाख पुग्ने अनुमान गरिए बमोजिम प्रत्येक ९,१५३ जनसङ्ख्या र सरदर ४१ १/२ (साढे एकचालिस) वर्गमिल भूमिले १ हुलाक कार्यालयको सेवा प्राप्त गर्न सक्नेछ।

## ४. डाँक रेखाः

हाम्रो जस्तो स्थानीय स्तरमा विकेन्द्रित प्रशासन भएको प्रणालीमा प्रत्येक स्थानको एकक भित्र र एककहरूको बीचमा समेत छिटो र सोझो मार्गबाट चिठ्ठी पत्रहरूको प्राप्ति र प्रेषण भै सञ्चारको सुगमता हुनु प्रशासन र विकास कार्यहरूको लागि पनि अत्यावश्यक छ। अतः चौथो योजनाकालमा हुलाक कार्यालयहरूको सङ्ख्यात्मक विस्तार गरिनुका अतिरिक्त डाँक मार्गहरूको दूरी छोट्याउने गरी २५ नयाँ डाँक रेखाहरूको स्थापना गरिनेछ।

५. डाँक परिवहनः

हाल निर्माणाधीन महेन्द्र राजमार्ग, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्गसमेत अन्य अञ्चल तथा जिल्ला स्तरीय मार्गहरू धेरैको निर्माण पूरा भैसक्ने हुनाले तयार भई बाह्रै महिना यान परिवहन चल्ने अर्थात् सर्वऋतु सडकहरूमा वहित्रवाहनद्वारा डाँक परिवहन सेवा चलाउने लक्ष्य राखिएको छ। त्यसै गरी दुर्गम पहाडी क्षेत्रहरूमा नयाँ नयाँ साना (स्टोल) विमान स्थलहरूको निर्माण भई हवाई सेवा चल्ने हुँदा ६ नयाँ प्रखण्डहरूमा हवाई परिवहनको सेवा उपलब्ध गराइने लक्ष्य राखिएको छ।

## ६. जिन्सी सम्पूर्तिः

हुलाक सेवाको सञ्चालनलाई चाहिने पत्रहरु, टाँचा, छाप, डाँक थैला, ढक, तराजु र काउन्टरका मेशिनहरु आदि अनेकौं सरसामानहरुको सम्पूर्ति गर्न आवश्यक धनराशी उपलब्ध गराइनेछ।

## ७. जिन्सीखानाको क्षेत्रीय शाखा

केन्द्रीय जिन्सी खानामा देशमा ७५ जिल्लामा छरिएका अनेकौं कार्यालयहरूको लागि चाहिने विशाल जिन्सी भण्डार राख्ने समस्याका अतिरिक्त स्वदेश विदेशबाट खरिद गरी ल्याई

एकै ठाउँमा थुपारी फेरि देशको अनेकौं विन्दुतर्फ चलाई पठाउन अप्ठ्यारो मात्र होइन असम्भव सिद्ध भएकाले विराटनगर र नेपालगञ्जमा जिन्सीखानाका २ क्षेत्रीय शाखाहरू खोल्ने लक्ष्य राखिएको छ।

## ८. जिन्सी कार्यशालाः

कतिपय प्राविधिक सरसामानहरू जस्तै टाँचा, पत्र-मञ्जुषा आदिको सम्पूर्तिमा विदेशी सरकार वा कम्पनीको मात्र भर नपरी शनैः शनैः यसतर्फ दिशातर्फ स्वावलम्वी हुन एक कार्यशाला अर्थात हुलाकको एक जिन्सी उत्पादन केन्द्रको स्थापना हुन आवश्यक छ। चौथो योजनामा सानो रूपमा मात्र यसको स्थापना गरिने हुँदा यसको उत्पादन क्षमता ठूलो हुने छैन। यसलाई एक प्रकारको प्रायोगिक रूपमा चलाइने छ।

## ९. भवन निर्माणः

हुलाकहरूको एक मूलभूत खाँचोको रूपमा हुलाक कार्यालयहरूको लागि सरकारी घरको अभाव र भएका थोरै घरहरूमा पनि ठाउँको ज्यादै अपर्याप्तता देखा पर्दछ। उपयुक्त घर र पुग्दो ठाउँको अभावले कार्यालयहरूको दक्षतामा समेत प्रतिकूल असर पारिरहेको छ। लगभग ८० प्रतिशत हुलाकहरू भाडाका घरमा राखिएका छन्। त्यसैले चौथो योजनामा नयाँ हुलाक भवनहरूको निर्माणमा विशेष जोड दिनुपरेको छ। भवन निर्माण परियोजना अन्तर्गत योजना अवधि भित्र काठमाडौंमा ३, सिन्धुपाल्चोकमा १, पर्सामा १, रौतहटमा १, रामेछापमा १, सर्लाहीमा १, भोजपुरमा १, ओखलढुंगामा १, इलाममा १, धनकुटामा १, सुनसरीमा १, गुल्मीमा १, गोरखामा १, स्याङ्जामा १, वाग्लुङमा १, दाङ्गमा १, सल्यानमा १, सुर्खेतमा १, दैलेखमा १, जुम्लामा १, डोटीमा १, वैतडीमा १, डडेलधुरामा १, भक्तपुरमा १, जनकपुरमा १, मोरङमा १, बाँकेमा १ र सिन्धुलीमा १ गरी जम्मा ३० भवनहरू २८ जिल्लामा निर्माण गरिनेछ।

## १०. हुलाक टिकट सङकलन (फिलाटेलिक) विकासः

राष्ट्रिय तथा अन्तराष्ट्रिय हुलाक टिकट संकलन बजारहरूमा नेपाली टिकट संकलनकर्ताहरूको माग पूर्ति गरेर विगत तेश्रो योजनाकालमा प्रत्यक्ष रूपबाट परिवर्त्य मुद्रालगायत वार्षिक ३ लाख रूपैयाको आर्जन गर्न सकिएको थियो। नेपाली टिकटको शनैः शनै बढ्दो लोकप्रियतालाई ध्यानमा राखी सुन्दर एवम् आकर्षक टिकटहरूको सुनियोजित प्रकाशन एवम् व्यापक विज्ञापन र प्रचारको साथसाथै सम्बन्धित फोल्डर, पुस्तिका र हुलाक टिकट सङ्कलन विवरणीकाहरूको प्रकाशनजस्ता कार्य गर्दै लगेमा योजनाको अन्तिम चरणसम्ममा वार्षिक हुलाक टिकट सङ्कलन आम्दानी १० लाख पुग्ने अनुमान गर्न सकिन्छ। यो आम्दानी शुद्ध हुलाक सेवाबाट कमाएको राजस्वमा थप आम्दानी हुनेछ। यस योजनाकालको तेस्रो र चौथो चरणमा देशभित्रका हुलाक टिकट सङ्कलनकर्ताहरूको सेवाको लागि क्रमशः पूर्वी र

पश्चिमी क्षेत्रमा १/१ गरी साना साना क्षेत्रीय कार्यालयको स्थापना गरिनेछ। योजनाको प्रथम चरणमा नै संयुक्त राष्ट्रसंघीय टिकट विक्रीको लागि द्विपक्षीय सम्झौताद्वारा एकाधिकार दिई सं. रा. संघद्वारा प्रकाशित टिकटको हाम्रो पनि हुलाक टिकट सङ्कलन ठाउँ (फिलाटेलिक काउण्टर) मा विक्री गर्ने व्यवस्था हुनेछ।

## ११. प्रशिक्षण व्यवस्था विकास

चौथो योजनामा हुलाकको सङ्ख्यामा वृद्धि हुने र दक्ष सेवाको लागि तालिम प्राप्त कर्मचारीहरूको खाँचो झन् बढ्ने भएकोले वर्तमान तालिम व्यवस्थाको गुणात्मक र सङ्ख्यात्मक उत्पादकत्वमा वृद्धि गरिनेछ। योजनामा निम्नलिखित कार्यहरू तालिमको क्षेत्रभित्र पर्नेछन्:

क. पाठ्य पुस्तकको तर्जुमा गरी प्रकाशित गर्ने।

ख. करिब ५० जनाको निमित्त ठाउँ भएको छात्रावासको बन्दोबस्त गर्ने।

ग. दृश्य श्रव्य (अडियो भिजुअल) सामग्री तथा प्रशिक्षणको लागि आवश्यक पर्ने अन्य सरसामानले सुसज्जित गरी हुलाक प्रशिक्षण केन्द्रको आधुनिकीकरण गर्ने।

घ. हुलाक पुस्तकालयको स्थापना गर्ने।

ङ. प्रशिक्षणको लागि विशेष किसिमबाट प्रशिक्षित आवश्यक अन्य कर्मचारीहरू र प्रशिक्षकहरू (स्टाफ) को व्यवस्था गर्ने।

## १२. क्षेत्रीय फिर्ती–चिठ्ठी–केन्द्रको स्थापनाः

तेस्रो योजनामा एक बीजाङ्कुरको रूपमा फिर्ती–चिठ्ठी–केन्द्रको स्थापना गरियो। तर एउटा सानो केन्द्रले सम्पूर्ण अधिराज्यकै फिर्ती चिठ्ठीहरू बारे कारवाही गर्नुपर्ने हुँदा सो गर्न सक्षम सिद्ध हुन सकेन। अतः पूर्वाञ्चल र पश्चिमाञ्चलको निमित्त २ छुट्टाछुट्टै फिर्ती चिठ्ठी केन्द्रहरू स्थापना गर्ने उद्देश्य अनुसार चौथो योजना अवधिभित्र पूर्वाञ्चलको निमित्त विराटनगर र पश्चिमाञ्चलको निमित्त भैरहवामा गरी दुई क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रहरूको स्थापना गर्ने लक्ष्य राखिएको छ।

## १३. हुलाक संग्रहालयको स्थापनाः

हुलाकका मूल्यवान अनुपम प्राचीन ऐतिहासिक महत्व भएका कागज–पत्र वा प्रलेख, टिकट, औजार र सरसामानलाई सुरक्षित रूपमा राख्न यस योजनामा काठमाडौंमा एउटा सानो हुलाक संग्रहालयको स्थापना गरिनेछ।

## १४. सेवा विस्तार र सुधारः

हुलाक सेवालाई लोकोपयोगी बनाउन यस क्षेत्रमा निम्नलिखित कार्यहरू गरिनेछन्

क. आन्तरिक विमा पत्रजस्ता पहिले सुरु गरिसकिएका सेवाहरूलाई अझ व्यापक बनाइ यथाशक्य धेरै विन्दुहरूमा सो चलाउने व्यवस्था गर्ने।

ख. तेस्रो योजनामा चालू गरी उपयोगी सिद्ध भएको हुलाक आदेश सेवालाई सुदृढ तुल्याई सुव्यापक रूप दिने।

ग. आन्तरिक पुलिन्दा सेवालाई अन्तराष्ट्रिय पुलिन्दा सेवाको दाँजोमा सुधार गरी आधुनिकीकरण गर्ने।

घ. हुलाक वचत अधिकोष (पोष्टल सेभिङ्ग बैंक) लागू गर्ने दिशातर्फ प्रयोगको रूपमा पहिले सर्वेक्षण गरी प्रतिवेदन तयार गरी केही प्रमुख हुलाकहरूमा सुरुआत गर्ने।

## १५. अन्तर्राष्ट्रिय सेवाहरुः

निम्नलिखित सम्झौताहरू सम्पन्न गर्ने र निम्नलिखित सेवाहरू चौथो योजनाकालमा चालू गर्ने योजना राखिएको छ।

क. विश्व हुलाक संघको तत्वावधानमा तयार भएको अन्तराष्ट्रिय विमा पत्र सेवा तथा अन्तराष्ट्रिय पुलिन्दा सेवा सम्बन्धी २ विस्तृत बहुपक्षीय सम्झौताहरूमा प्रवेश गरी पूर्व योजनाकालमा सीमित द्विपक्षीय सम्झौताहरूको आधारमा चलाइएको उपर्युल्लिख २ अन्तराष्ट्रिय सेवाहरूलाई पूर्णतया व्यापक, विस्तृत र स्वायत्त तुल्याउने।

ख. भारतसँग हुलाक आदेश सेवा चलाउने।

ग. देशको उत्तर वा दक्षिणतर्फको ३ सीमावर्ती ठाउँहरूमा अन्तराष्ट्रिय डाँक विनिमय गर्ने ३ विनिमय हुलाक कार्यलयहरूको स्थापना गर्ने।

घ. भारतसँग द्विपक्षीय सम्झौताको आधारमा धनादेश सेवा चलाउने बारे कारवाही गर्ने।

## १६. घुम्ती निरीक्षणः

हुलाक सेवा कुशल तरिकाबाट सञ्चालन गराउने चौथो योजनाअन्तर्गत निरीक्षणको सिलसिलामा नियमित रूपले भ्रमण गरिरहने कर्तव्य ठेकिएका पाँच निरीक्षकहरूको व्यवस्था गरिनेछ।

## १७. चालू योजना सम्भारः

पूर्व योजनाकालमा सुरु भई चालू रहेको आयोजनाहरूलाई सम्भार गरिनेछ।

## १८. वित्तीय लगानीः

चतुर्थ (पञ्चवर्षीय) योजनामा हुलाक सेवाको विस्तार तथा सुदृढीकरणको निमित्त जम्मा रु. २,४४,५१,०००/- (दुई करोड चवालीस लाख एकाउन्न हजार) खर्च गर्ने लक्ष्य छ। प्रत्येक आयोजनाको सञ्चालनको लागि चाहिने आवश्यक रकम साथै संलग्न छ।

| आयोजनाको नाम | चौथो योजनाको लक्ष्य | रकम (रु. हजारमा) |
|---|---|---|
| १. छोटी हुलाक | ५ | २१० |
| २. शाखा हुलाक | ५० | ५,४८६ |
| ३. अतिरिक्त हुलाक | ५५० | ४,६०० |
| ४. डाँक रेखा | २५ | १,४०० |
| ५. डाँक परिवहन | - | १२०० |
| ६. जिन्सी सम्पुर्ति | | २५०० |
| ७. जिन्सीखानाकव क्षेत्रीय शाखा खोल्ने | २२ | २०० |
| ८. जिन्सी कार्यशाला | १ | ५०० |
| ९. भवन निर्माण | ३० | ३००० |
| १०. हुलाक टिकट संकलन विकास (फि। ब्यूरको क्षेत्रीय शाखासमेत) | २ | ५०० |
| ११. प्रशिक्षण व्यवस्थाको विकास | | २५० |
| १२. हुलाक संग्रहालयको स्थापना | १ | १२५ |
| १३. सेवा विस्तार र सुधार | | २०० |
| १४. अन्तर्राष्ट्रिय सेवाहरु | | ३५० |
| १५. घुम्ती निरीक्षक | | ५० |
| १६. चालु योजनाको सम्भार गर्ने | | ३८३० |
| १७. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना | १ | ५० |
| जम्मा | | २४४५१ |

**द्रष्टव्य:**

यसमध्ये क्रमसङ्ख्या ९ र ११ को आयोजनाहरू मात्र नयाँ आयोजनाहरु मात्र नयाँ आय-व्यय (बजेट) परिभाषा अनुसार विकास खर्चमा पर्ने भएकोले चौथो योजनाको हुलाक विकास खर्चमा रु. ३२ लाख ५० हजार मात्र देखाइएको छ।

## चतुर्थ योजनामा हुलाक अन्तर्गतको विकास खर्चको बार्षिक बाँडफाँट

०२७ – ३२

| आयोजना | चौथो योजनाको खर्च | खर्चको वार्षिक बाँडफाँट | | | | |
|---|---|---|---|---|---|---|
| | | ०२७/२८ | ०२८/२९ | ०२९/३० | ०३०/३१ | ०३१/३२ |
| १. हुलाक भवन निर्माण के. | ३००००० | ४००००० | ५००००० | ६००००० | ७००००० | ८००००० |
| २. प्रशिक्षण व्यवस्थाको विकास | २५०००० | ५०००० | ५२९०० | ४६७६४ | १५४६४ | ८४८७२ |
| जम्मा | ३२५०००० | ४५०००० | ५५२९०० | ६४६७६४ | ७१५४६४ | ८८४८७२ |

## चतुर्थ योजनाको वार्षिक कार्यक्रम र वित्तीय लगानी (२०२७ – ३२)

| आयोजना | ०२७/२८ | ०२८/२९ | ०२९/३० | ०३०/३१ | ०३१/३२ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. छोटी हुलाक | - | १ | १ | १ | २ | ५ |
| रकम | - | १९०९०।९० | ३८१८८० | ५७२७२।७० | ९५४५४।५० | २१०००० |
| २. शाखा हुलाक | ८ | ९ | १० | ११ | १२ | ५० |
| रकम | ३१३४८५।६८ | ६६६१५७।०७ | १०५८०१४।१७ | १४८९०५६।१८ | १९५९२५५ | ५४८६००० |
| ३. अतिरिक्त हुलाक | ८० | १०० | ११० | १२० | १४० | ५५० |
| रकम | २४३७०८ | ५४८३४३ | ८८३४४१।५० | १२४९००३ | १६७५४९२।५० | ४६००००० |
| ४. डाँक रेखा | ३ | ४ | ६ | ७ | ८ | ३० |
| रकम | ६४६१५।३८ | १५०७६९।२२ | २५८४६१।५२ | ३८७६९२ | ५३८४६१।५० | १४००००० |
| ५. भवन निर्माण | ४ | ५ | ६ | ७ | ८ | ३० |
| रकम | ४००००० | ५००००० | ६००००० | ७००००० | ८००००० | ३०००००० |
| ६. जिन्सी सम्पुर्ति | १२ प्रतिशत | १६ प्रतिशत | २० प्रतिशत | २४ प्रतिशत | २८ प्रतिशत | १०० प्रतिशत |
| रकम | ३००००० | ४००००० | ५००००० | ६००००० | ७००००० | २५००००० |
| ७. डाँक परिवहन | | | | | | |
| (क) जाँचकी थप गर्ने | | ५ | १० | १५ | २० | ५० |
| रकम | | १०००० | ३०००० | ६०००० | १००००० | २००००० |
| (ख) डाँक परिवहनका साधन | | | | | | |
| (१) मेल मोटर | | ३ | ३ | ४ | ५ | १५ |
| रकम | | १३५००० | १३५००० | १८०००० | २२५००० | ६७५००० |
| (२) मेलस्टार | | ४ | ५ | ५ | ६ | २० |
| रकम | | ३०००० | ३७५०० | ३७५०० | ४५००० | १५०००० |
| (३) साईकिल | | ५० | ५० | १०० | ३०० | ५०० |
| रकम | | १७५०० | १७५०० | ३५००० | १०५००० | १७५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ग) थप प्रखण्ड र हवाई प्रखण्डहरु | | | | | | |
| (१) सतह प्रखण्ड | | १ | १ | ३ | ५ | १० |
| रकम | | | | | | |
| (२) हवाई प्रखण्ड | | १ | | | १ | ६ |
| रकम | | | | | | |
| ८. जिन्सीखानाको क्षेत्रीय शाखा खोल्ने | | | १ | १ | १ | २ |
| रकम | | २०००० | ८०००० | ८०००० | २०००० | २००००० |
| ९. जिन्सी कार्यशाला | | | | १ | १ | १ |
| रकम | | | | २५०००० | २५०००० | ५००००० |
| १०. हुलाक टिकट संकलन विकास | १२ प्रतिशत | १६ प्रतिशत | २० प्रतिशत | २४ प्रतिशत | २८ प्रतिशत | १०० प्रतिशत |
| रकम | ३३००० | ४४००० | ५५००० | ६६००० | ७७००० | २२५००० |
| क्षेत्रीय शाखा | | | | १ | १ | २ |
| रकम | | | | ७५००० | १५०००० | २७५००० |
| ११. प्रशिक्षण व्यवस्थाको विकास | | | | | | |
| (क) गुणात्मक | पाठ्य पुस्तकको प्रकाशन | आधुनिक सामग्री द्वारा सुसज्जित पार्ने | पुस्तकालयको स्थापना | छात्रावासको निर्माण प्रारम्भ | छात्रावासको व्यवस्था पुरा गर्ने | |
| रकम | ५०००० | ५०००० | ४०००० | | ५०००० | १९०००० |
| (ख) आकारमा वृद्धि | | एक प्रशिक्षक थप | अरु कर्मचारी थप | ३ प्रशिक्षक थप | उच्च र निम्न २ पाठ्यक्रम चलाउने | |
| रकम | | २९०० | ६७६४ | १५४६४ | ३४८७२ | ६०००० |
| १२. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना | | | | विराटनगरमा शाखा | भैरहवामा शाखा | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रकम | | | | १६५०० | ३३५०० | ५०००० |
| १३. हुलाक संग्रहालयको स्थापना | काठमाडौमा स्थापना | | | | | १ |
| रकम | ४५,००० | २०००० | २०००० | २०००० | २०००० | १२५००० |
| १४. सेवा विस्तार | आन्तरिक बिमा पत्र सेवा व्यापक गर्ने | हुलाक आदेश सेवालाई व्यापक गर्ने | आन्तरिक पुलिन्दा सेवाको आधुनिकीकरण गर्ने | बचत बैंक प्रणाली सम्बन्धी सर्वेक्षण र प्रतिवेदन | बचत बैंक प्रणाली लागु केही प्रमुख कार्यालयमा गर्ने | |
| रकम | ३५००० | ३५००० | २०००० | १०००० | १०००० | २००००० |
| १५. अन्तर्राष्ट्रिय सेवाहरु | | सीमावर्ती २ ठाउँमा विनिमय हुलाक खोल्ने | भारतीय हुलाक आदेश र धनादेश सेवा चलाउन कारवाई गर्ने | क. उल्लिखित सेवाहरु चलाउन अरु कारवाही गर्ने ख. विश्व हुलाक संघको बिमा पुलिन्दा सेवा सम्झौतामा प्रवेश गर्ने | विनिमय हुलाकको स्थापनासमेत अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विकास कार्य गर्ने | |
| रकम | | ५०००० | ५०००० | १००००० | १५०००० | ३५०००० |
| १६. घुम्ती निरीक्षण | | १ | १ | १ | २ | ५ |
| रकम | ७,६६,००० | ४५४५।४५ | ९०९०।९० | १३६३६।३५ | २२७२७।२५ | ५०००० |
| १७. चालु आर्थिक वर्षको संभार | | ७६६००० | ७६६००० | ७०६६००० | ७६६००० | ३८३०००० |
| जम्माः | २२५०८०९।०६ | ३४४९३०५ | ४५६४९५३।८९ | ६२८१२५ | ७९७७७९ | २४४५१००० |